## बाल क्लबबाट नेतृत्व विकास



रमन कुमार शाह विष्णुपुर गाउँपालिका-१, परसाहीका अस्थायी बासिन्दा हुन्। उनी एक साधारण परिवारमा जन्मिएका हुन्। उनका बुबा शिक्षण पेशामा संलग्न छन् र परिवारमा तीन बहिनीहरू छन्। रमन परिवारका जेठा सन्तान हुन्। आर्थिक अवस्था सामान्य भए पनि उनको परिवारले शिक्षालाई प्राथमिकता दिएको छ र सबै सन्तानलाई पढाइरहेको छ।

रमन सानैदेखि पढाइमा अब्बल थिए र आफू मात्र होइन, अरूलाई पनि पढ्न प्रेरित गर्थे। विस्तारै उनले स्थानीय बाल क्लबबारे जानकारी पाए र त्यसमा सक्रिय रूपमा सहभागी हुन थाले। पछि उनी विष्णुपुर गाउँपालिकाको पालिका स्तरीय बाल सञ्जालमा पनि आबद्ध भए। बाल क्लबमा सहभागिताले उनलाई समाजप्रतिको जिम्मेवारीबारे सचेत बनायो।

रमनले बाल क्लबका विभिन्न कार्यक्रम तथा बैठकहरूमा नियमित रूपमा सहभागिता जनाए। घर टाढा भए पनि उनले आफ्नो सक्रियता कहिल्यै कम हुन दिएनन्। उनले सरसफाइ अभियानदेखि लिएर बालविवाह र दाइजो प्रथा विरुद्धका गतिविधिहरूमा महत्वपूर्ण भूमिका खेले। बालविवाह विरुद्ध जनचेतना फैलाउन आयोजित सडक नाटकमा उनले बेहुलाको बुबाको भूमिका निर्वाह गर्दै उत्कृष्ट प्रदर्शन गरेका थिए, जसले दर्शकहरूलाई निकै प्रभावित बनाएको थियो।

**यस्ता निरन्तर प्रयासहरूले गर्दा विष्णुपुर गाउँपालिकालाई बालविवाह मुक्त घोषणा गर्न सहयोग पुगेको थियो, जसमा रमनको योगदान महत्वपूर्ण रह्यो।** बाल क्लबमा संलग्न हुँदै उनले एउटा निजी विद्यालयमा पनि काम गर्ने अवसर पाए। यसबाट उनले शिक्षण अनुभव हासिल गरे र आफ्नो खर्च आफैं व्यवस्थापन गर्न सक्षम भए। यससँगै उनको बोल्ने, सुन्ने तथा नेतृत्व सम्बन्धी सीपहरूमा उल्लेखनीय विकास भयो। **रमनले भन्नुहुन्छ *"बाल क्लबमार्फतसिकेकासीप र अनुभवले रमनलाई समाजमा एक जिम्मेवार, सक्रिय र प्रेरणादायी युवाको रूपमा चिनाएको छ"*** यो केस स्टडीले देखाउँछ कि बाल क्लब जस्ता संरचनामा सक्रिय सहभागिताले बालबालिकाको व्यक्तित्व विकास, नेतृत्व क्षमता अभिवृद्धि र समाजप्रति सकारात्मक सोच विकास गर्न महत्वपूर्ण भूमिका खेल्छ। रमन कुमार शाह यसको ज्वलन्त उदाहरण हुन्, जसले अवसर र प्लेटफर्म पाएपछि समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने प्रमाणित गरेका छन्।

SAVE THE SAPTARI
2056
CENTRAL OFFICE, RAJBIRAJ-7

# बाल सहभागिताबाट जीवन रूपान्तरण : अनुपको कथा



मधेस प्रदेश अन्तर्गत सप्तरी जिल्लाको विष्णुपुर गाउँपालिकामा अनुप नामका एक मेहनती र चञ्चल स्वभावका किशोर बस्दथे। बाल्यकालदेखि नै उनीभित्र विभिन्न प्रकारका कलात्मक प्रतिभा लुकेका थिए। गीत गाउने, अभिनय गर्ने र आवाज परिवर्तन गर्ने जस्ता सीपहरू उनको स्वाभाविक गुण थिए। यद्यपि पढाइप्रति उनको रुचि सामान्य मात्र थियो, किनकि उनको मन सधैं कलातर्फ तानिन्थ्यो।

कुनै कलात्मक कार्यक्रम देख्दा अनुपको मनभित्र सधैं एउटा चाहना जाग्थ्यो– ***"यदि मलाई पनि मौका मिलेको भए, म पनि आफ्नो कला देखाउन सक्थें"*** तर अवसरको अभावले उनी निराश हुन्थे। यति हुँदाहुँदै पनि उनले आफ्नो मनलाई सान्त्वना दिँदै भन्थे, ***"एक दिन अवश्य मेरो कला सबैले देख्नेछन् र सम्मान गर्नेछन्"*** यही आशाले उनले आफ्नो प्रतिभालाई मनमै दबाएर विद्यालय जाने र घरधन्दा गर्ने दैनिकी जारी राखे।

अनुपको पारिवारिक अवस्था मध्यम खालको थियो। उनका बुबा वैदेशिक रोजगारीमा भए पनि पठाएको पैसा पर्याप्त नहुने भएकाले घरखर्च चलाउन गाह्रो हुन्थ्यो। त्यसैले अनुपले कहिलेकाहीं मजदुरी कामसमेत गर्नुपर्थ्यो। आमा सहयोग गर्न उनी धान र गहुँ काट्न अरूको खेतमा जान्थे। समयसँगै यस्तो परिस्थितिले उनको मनोबल खस्किन थालेको थियो।

यस्तै अवस्थामा एक दिन बिहान करिब १० बजेतिर उनले आफ्नै टोलमा छिमेकी दिदी बालबालिकासँग भेला भएको देखे। त्यो बाल क्लबको गतिविधि थियो। बालबालिकाहरूले खुलेर आफ्ना विचार र भावना व्यक्त गरिरहेको देख्दा अनुपको चासो बढ्यो। उनले महसुस गरे– "यदि म पनि यस क्लबको सदस्य भएँ भने, म पनि आफ्नो कुरा राख्न पाउँथें।" यही सोचले उनी बाल क्लबमा सहभागी भए। बाल क्लबको पहिलो बैठकमै अनुपले आत्मविश्वासका साथ आफ्नो परिचय दिए। त्यसपछि उनले सबैको अगाडि एउटा गीत सुनाए, जसले सबैलाई प्रभावित बनायो। म्याडमदेखि साथीहरू सबै उनको प्रतिभाबाट खुसी भए। यही क्षण अनुपका लागि जीवन परिवर्तन गर्ने मोड बन्यो।

सेभ द सप्तरी र सेभ द चिल्ड्रेनद्वाको सहयोगमा सञ्चालन भइरहेको बाल क्लबमार्फत अनुपले विभिन्न ज्ञान, सीप र अवसरहरू प्राप्त गर्न थाले। उनले पढाइप्रति पनि नयाँ रुचि विकास गरे। बाल क्लबमा आबद्ध भएपछि उनले विभिन्न र्‍याली, कार्यक्रम र मञ्चहरूमा आफ्नो कला प्रदर्शन गर्ने अवसर पाए। कम उमेरमै समाजसामु आफ्नो प्रतिभा प्रस्तुत गर्न पाउँदा उनी अत्यन्त खुसी हुन्थे।



समयसँगै अनुप विभिन्न बैठक, प्रतियोगिता र गतिविधिहरूमा सक्रिय हुन थाले। उनले खेलकुद, नृत्य, संगीत, वक्तृत्व कला तथा निबन्ध प्रतियोगिताहरूमा भाग लिएर उत्कृष्ट नतिजा हासिल गरे। सन् २०८२ मा


SAVE THE SAPTARI

विष्णुपुर गाउँपालिकालाई बालविवाहमुक्त घोषणा गर्ने अभियानमा उनी सक्रिय रूपमा लागे र सोही वर्ष बाल क्लबको अध्यक्ष बन्ने अवसर पनि पाए।

अध्यक्षको भूमिकामा उनले वृक्षरोपण, सरसफाइ जस्ता सामाजिक कार्यक्रमहरू आयोजना गरे। बालविवाहमुक्त अभियान अन्तर्गत सडक नाटकमा सहभागी हुँदै उनले पण्डितको भूमिका निर्वाह गरे। आवाज परिवर्तन गर्ने उनको क्षमता दर्शकलाई निकै मन पर्यो। यही नाटकमार्फत अनुप पालिका र जिल्लास्तरमै चिनिन थाले।

उनको बढ्दो पहिचानकै कारण पछि एउटा संस्थामा बालबालिकालाई आध्यात्मिक तथा नैतिक शिक्षा दिने बालकक्षाको कोर्डिनेटरका रूपमा नियुक्ति पाए। यसबाट उनले मासिक चार हजार रुपैयाँ आम्दानी गर्न थाले, जसले घरखर्च चलाउन र आफ्ना आवश्यकताहरू पूरा गर्न सहयोग पुर्‍यायो।

हाल अनुप आफ्नो कलालाई युट्युबमार्फत पनि अगाडि बढाइरहेका छन्। उनको युट्युब च्यानल “अनुप अफिसियल म्युजिक” नामले परिचित छ। आज अनुप आत्मविश्वासका साथ आफ्नो जीवन अघि बढाइरहेका छन्। आफ्नो सफल यात्राको आधारका रूपमा उनी सेवद सप्तरी र सेभ द चिल्ड्रेनप्रति सधैं कृतज्ञता व्यक्त गर्छन्।



SAVE THE SAPTARI

# समुदाय सुधारमा प्रमानन्दको योगदान



विष्णुपुर गाउँपालिका वडा नं. १ जमुनीमा वस्ने प्रमानन्द राम हो। "प्रमानन्द बसोबास गर्ने समुदायमा शिक्षा, सरसफाइ र चेतनाको अभाव थियो। धेरै बालबालिका विद्यालय बाहिर थिए र समुदायमा आपसी सहकार्य कमजोर थियो। प्रमानन्द समुदाय विकासप्रति समर्पित, सक्रिय र जिम्मेवार व्यक्तित्व हुन उहाँले समुदायका विभिन्न समस्या पहिचान गरी समाधानतर्फ अग्रसर हुन निरन्तर योगदान पुर्याउँदै आउनु भएको छ। विशेषगरी शिक्षा, स्वास्थ्य, सरसफाइ, बालअधिकार तथा सामाजिक समावेशीकरणका क्षेत्रमा उहाँको भूमिका उल्लेखनीय रहेको छ।

शिक्षा क्षेत्रमा प्रमानन्दले विद्यालय भर्ना अभियान, बालक्लब गठन तथा सशक्तीकरणमा सक्रिय सहभागिता जनाउनुभएको छ। बालबालिकालाई नेतृत्व, अनुशासन र अधिकारबारे सचेत गराउँदै उनीहरूलाई समुदाय विकासका क्रियाकलापमा सहभागी गराउनु उहाँको प्रमुख योगदान हो।

स्वास्थ्य तथा सरसफाइका क्षेत्रमा उहाँले समुदायमा स्वच्छता सचेतना कार्यक्रम, पोषणसम्बन्धी छलफल, सुरक्षित पानी र व्यक्तिगत सरसफाइका अभ्यासहरू प्रवर्द्धन गर्न सहयोग गर्नु भएको छ। यसले समुदायको स्वास्थ्य अवस्थामा सकारात्मक परिवर्तन ल्याउन मदत पुचाएको छ।

त्यसैगरी, महिला, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायको समावेशी सहभागिताका लागि प्रमानन्दले सचेतना कार्यक्रम, छलफल र समन्वयात्मक भूमिका निर्वाह गर्नुभएको छ। स्थानीय सरकार, विद्यालय र समुदायबीच सहकार्य गराई विकासका गतिविधि प्रभावकारी बनाउनु उहाँको अर्को महत्वपूर्ण योगदान हो। यही समुदायका सचेत नागरिक प्रमानन्द यी समस्याहरू देखेर चुप बस्न सकेनन समाज परिवर्तन गर्न सकिन्छ भन्ने विश्वास उहाँमा थियो। उहाँले बालक्लब गठन गर्नुभयो, अभिभावकसँग छलफल गर्नुभयो र सरसफाइ अभियान सञ्चालन गर्नुभयो। सुरुमा धेरैले सहयोग गरेनन् तर निरन्तर प्रयासले समुदायको सोच बदलिन थाल्यो। म शुरुमा सन् २०१६ मा बालक्लवमा आवद्ध भए। बोल्न आउँदैन् थियो, बालबालिकाहरुको समस्या थाहा थिएन, अरुसँग बोल्न एकदम कठिन हुन्थ्यो। जव बालक्लवमा आवद्ध भए पढाइलाई निरन्तरता दिए साथै सरोकारवालहरुसँग आफना कुराहरु राख्न जाने त्यस्तै सेभ द सप्तरीमा काम गर्ने अवसर पाए र हाल स्वयम्सेवकका रुपमा कार्य गर्दै आइरहेको छु। म विद्यालय भर्ना अभियान, बालविवाह न्यूनिकरण, स्वच्छ, सफा समुदाय निर्माणमा सहयोग गरिरहेको छु। हाल स्थानिय सरकार तथा अन्य संघ संस्थाहरुले म सँग समन्वय गर्न आउनु हुन्छ। र समन्वय गरी कार्य गर्छु। जसले गर्दा विष्णुपुर गाउँपालिका वडा नं. १ मा सबै बालबालिकाहरु विद्यालय भर्ना भएका छन्। आज त्यही समुदायमा बालबालिका नियमित विद्यालय जान थालेका छन्। सरसफाइमा सुधार आएको छ र मानिसहरू विकासका काममा एकआपसमा हातेमालो गर्न थालेका छन बालविवाह मुक्त वडा घोषणा भएका छन्। आज प्रमानन्द बसोबास गर्ने समुदायमा उल्लेखनीय परिवर्तन देखिन्छ। बालबालिका नियमित विद्यालय जान थालेका छन र सत प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना घोषणा भएको, समुदाय सफा र व्यवस्थित भएको छ र मानिसहरू एकआपसमा सहकार्य गर्न थालेका छन महिला, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायको सहभागिता पनि बढेको छ। समुदायमा बालविवाह न्यूनिकरण भएको छ। प्रमानन्दको योगदानले देखायो कि एक व्यक्तिको दृढ इच्छाशक्तिले पनि सम्पूर्ण समुदायमा परिवर्तन ल्याउन सकिन्छ। समग्रमा, प्रमानन्दको निरन्तर प्रयास, नेतृत्व क्षमता र सेवाभावले समुदायमा सकारात्मक सोच, सहकार्य र दिगो

विकासको आधार तयार गरेको छ। उहाँको योगदान समुदाय सुधारका लागि प्रेरणादायी उदाहरणका रूपमा लिन सकिन्छ ।

धन्यवाद



SAVE THE SAPTARI
2056
CENTRAL OFFICE RAJBIRAJ-7

# निरूको रूपान्तरणको कथा

सप्तरी जिल्लाको विष्णुपुर गाउँपालिका-१, प्रसाहाकी २२ वर्षीया निरूको जीवनमा बाल क्लब एउटा यस्तो मोड बन्यो, जसले उनलाई एक लजालु किशोरीबाट निडर सामाजिक अभियन्तामा रूपान्तरण गरिदियो । ६ सदस्यीय परिवारमा आर्थिक अभावका बीच हुर्किएकी निरूका आमाबुवाले आफ्ना सन्तानलाई असल नागरिक बनाउन ठूलो सङ्घर्ष गर्नुभयो ।



चार सन्तान भएको निरूको परिवारमा खाना र शिक्षा जस्ता आधारभूत आवश्यकता पूरा गर्न उनका आमाबुबालाई निकै धौ-धौ हुन्थ्यो । आफ्ना छोराछोरीले आफूले जस्तो दुःख भोग्नु नपरोस् र भविष्यमा बैंक म्यानेजर वा इन्जिनियर बनून् भन्ने उनीहरूको ठूलो सपना थियो । त्यही सपना पूरा गर्न उनीहरूले कडा मेहनत गरेर आफ्ना छोराछोरीलाई विद्यालय पठाए ।

बाल क्लबमा जोडिनु अघि निरूमा आत्मविश्वासको कमी थियो र उनले आफूलाई खासै शक्तिशाली महसुस गरेकी थिइनन् । तर शिव पार्वती बाल क्लबमा आबद्ध भएपछि उनको जीवनमा ठूलो परिवर्तन आयो: बाल क्लबले उनलाई यति सशक्त बनायो कि उनी समाजमा हुने गलत कार्यहरूका विरुद्ध डटेर उभिन र आफ्नो कुरा स्पष्टसँग राख्न सक्ने भइन् । सहभागीको रूपमा सुरु गरेकी निरू पछि क्लबको अध्यक्ष र एक कुशल सहजकर्ता समेत बनिन् । उनले 'सेभ द सप्तरी' द्वारा सञ्चालन गरिएको महिनावारी स्वच्छता व्यवस्थापन (MHM) र युवाहरूको स्वास्थ्य सम्बन्धी तालिमहरूमा सहभागी हुने अवसर पाइन् । तालिम अघि उनलाई महिनावारी, किशोरावस्थामा हुने शारीरिक परिवर्तन र बाल विवाहका असरहरूबारे खासै जानकारी थिएन । उनी महिनावारीको बेला असुरक्षित कपडा प्रयोग गर्थिन् र त्यसलाई जथाभावी पोखरी वा नालीमा फाल्ने गर्थिन् । तर तालिमले उनको सोच र बानीमा ठूलो परिवर्तन ल्यायो । उनले सिकेका कुराहरू परिवार र साथीभाइलाई पनि सिकाउन थालिन् । 'सेभ द सप्तरी' मार्फत स्वस्थ रुपान्तरण ( Healthy Transition) पाठ्यक्रमको तालिम लिएपछि निरूले एक जिम्मेवार सहजकर्ताको भूमिका निभाउन थालिन: उनले कुल २५ वटा सत्रहरू सञ्चालन गरेर २३ जना किशोरीहरूलाई मातृ तथा नवजात शिशु स्वास्थ्य र किशोर-किशोरी यौन तथा प्रजनन स्वास्थ्य का बारेमा शिक्षित बनाइन् । उनको प्रयासले ती २३ जना किशोरीहरूले आफ्नो स्वास्थ्य र सरसफाइका क्षेत्रमा सकारात्मक व्यवहारहरू अपनाउन सुरु गरे । निरूले आफूले प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्दै समाजको कूप्रथा विरुद्ध आवाज उठाइन् । उनले बालविवाह विरुद्धका र्‍याली, जनचेतनामूलक अभियान र अभिमुखीकरण



SAVE THE SAPTARI

कार्यक्रमहरूमा सक्रियतापूर्वक सहभागी भएर आवाज उठाइन् । निरू जस्ता सयौँ सचेत युवाहरू, गाउँपालिका र 'सेभ द सप्तरी' जस्ता संस्थाहरूको अथक प्रयास, र्‍याली, र निरन्तरको वकालतका कारण अन्ततः एउटा ठूलो सफलता प्राप्त भयो । विष्णुपुर गाउँपालिकालाई 'बालविवाह मुक्त गाउँपालिका' घोषणा गरियो ।

आफ्नो मेहनत र आत्मविश्वासका कारण निरू आज एक सफल व्यक्तिको रूपमा चिनिन्छिन । उनले विद्यालयमा दोस्रो स्थान हासिल गरिन् र कलेज टप समेत गरिन् । अहिले उनी स्नातक तहमा अध्ययनरत छिन् । उनी 'Modern Science School' मा एकाउन्टेन्टको रूपमा कार्यरत छिन् र आफ्नो कमाइले परिवारलाई सहयोग गरिरहेकी छिन् । उनलाई समाजमा एक साहसी र असल छोरीको रूपमा चिनिन्छ । उनी 'सेभ द सप्तरी' मा स्वयंसेवकको रूपमा पनि छनोट भएकी थिइन् र समुदायका बालबालिकालाई ट्युसन पढाएर सहयोग गर्छिन् । निरूको अबको एउटै लक्ष्य छ– आफ्नो मेहेनतले एक सफल बैंक म्यानेजर बन्ने र आफ्नो परिवारको सपना साकार पार्ने ।


## पुनम कुमारी पण्डितको कथाः परिवर्तनको संवाहक

सप्तरी जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका, बनरझुला टोलकी २५ वर्षीया पुनम कुमारीको जीवनमा एउटा नयाँ मोड तब आयो जब उनले 'सेभ द सप्तरी' मार्फत सहजकर्ताको रूपमा काम गर्ने अवसर पाइन् । बालविवाहको पीडा र प्रजनन स्वास्थ्यका बारेमा खुलेर कुरा गर्न लजाउने सामाजिक परिवेशमा हुर्किएकी पुनमका लागि यो एउटा ठूलो चुनौती र अवसर दुवै थियो ।

लहानमा आयोजना गरिएको पाँच दिने विशेष 'स्वस्थ रुपान्तरण' तालिममा सहभागी भएपछि पुनमले बालबिवाहका नकारात्मक असर, किशोर-किशोरीमा हुने शारीरिक तथा मानसिक परिवर्तन र सुत्केरी अवस्थामा अपनाउनुपर्ने सावधानीका बारेमा गहिरो ज्ञान हासिल गरिन् ।

तालिमबाट फर्किएपछि उनले आफ्नो समाजमा रहेका २३ जना विवाहित र २२ जना अविवाहित गरी जम्मा ४५ जना किशोर-किशोरी तथा महिलाहरूलाई भेला गराई 'स्वस्थ रुपान्तरण' (Healthy Transition) सम्बन्धी सेसनहरू सञ्चालन गर्न थालिन् । उनले विशेष गरी मातृ तथा नवजात शिशु स्वास्थ्य र किशोर-किशोरी यौन तथा प्रजनन स्वास्थ्य जस्तै सुरक्षित मातृत्वः सुत्केरी अवस्थामा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्ने र सागपात, दूध, दही जस्ता पोषिलो खानेकुरा खानुपर्ने । बालविवाह विरुद्धको अभियानः विवाहका लागि न्यूनतम २० वर्ष पुरा हुनै पर्ने र कम उमेरमा विवाह गर्दा हुने शारीरिक जोखिमका बारेमा शिक्षित बनाइन् । सुत्केरी र गर्भवती महिलाको खानपानमा सुधार आएको छ, जसले गर्दा कुपोषणको समस्या कम हुँदै गएको छ । उनको प्रयासले ती ४५ जना किशोरीहरूले आफ्नो स्वास्थ्य र सरसफाइका क्षेत्रमा सकारात्मक व्यवहारहरू अपनाउन सुरु गरे ।

**पुनमले भन्छिन "*अब म एउटा कुशल सहजकर्ता र परिवर्तनको संवाहकको रूपमा चिनिन थालेको छु*" ।**



# एक शिक्षकको रूपान्तरण



विष्णुपुर गाउँपालिका अवस्थित श्री राष्ट्रिय आधारभूत विद्यालय मझाउ एक समयसम्म सामान्य ग्रामीण विद्यालयकै रूपमा चिनिन्थ्यो। । म शिक्षक चन्दा उक्त विद्यालयमा फोकल शिक्षकको जिम्मेवारी पाएकी छु । पहिला मेरो पढाउने शैली पुरानै थियो– चकले बोर्डमा सुत्र लेख्ने र विद्यार्थीलाई कण्ठ गर्न लगाउथे साथै विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम प्रभावकरी संचालन नभएकोले विभिन्न समस्याहरु आइरहेको थियो । जसले गर्दा बिहान कक्षामा विद्यार्थीहरू ढिलो आइपुग्ने, कक्षाकोठामा थकित अनुहार देखिने र धेरै बालबालिका बीचमै पढाइ छोड्ने अवस्था थियो। शिक्षकहरू चिन्तित थिए, तर समस्याको जड कहाँ छ भन्ने कुरा सबैलाई स्पष्ट थिएन। बिस्तारै मलाई महसुस हुन थाल्यो कि विद्यार्थीहरू उहाँको कक्षामा खासै रुचि देखाउँदैनन्। पढाउछु भन्ने बित्तिकै उनीहरू डराउँथे र धेरैजसो विद्यार्थी पछिल्लो बेन्चमा बस्न जान्थियो। मलाई लाग्थ्यो, "सायद आजकालका केटाकेटी नै पढ्न खोज्दैनन्।"

एक दिन सेभ द सप्तरीको आयोजनामा विद्यालय व्यवस्थापन समितिको बैठक बसियो जसमा म छलफल चलाए– "बालबालिकाको सिकाइ कमजोर हुनुको कारण भोक र कुपोषण पनि हुन सक्छ।" यही छलफलबाट विद्यालयमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम प्रभावकारी सुरु गर्ने निर्णय भयो। विष्णुपुर गाउँपालिकाको सहयोग, अभिभावकको सहभागिता र शिक्षकहरूको सक्रियतामा विद्यालयमा दैनिक पोषणयुक्त खाजा वितरण सुरु गरियो। साथै शिक्षण तरिकाहरु फरक फरक गर्ने छलफल समेत गरियौं । कार्यक्रम सुरु भएको केही हप्तामै परिवर्तन देखिन थाल्यो। पहिले कक्षामा नबोल्ने र निदाउने विद्यार्थीहरू अब सक्रिय भएर प्रश्न सोध्न थाले। नियमित उपस्थिती बढ्न थाल्यो। शिक्षकहरूले पनि नयाँ उत्साहका साथ पढाउन थाले, किनकि विद्यार्थीहरूको ध्यान केन्द्रित भएको स्पष्ट देखिन्थ्यो।

विद्यालय पोषण कार्यक्रमसँगै शिक्षा प्रणालीमा पनि सुधारका प्रयासहरू सुरु भए। शिक्षकहरूले बालमैत्री शिक्षण विधि अपनाए, समूह कार्य र व्यवहारिक सिकाइलाई प्राथमिकता दिइयो। स्वास्थ्य, सरसफाइ र पोषणसम्बन्धी शिक्षा पाठ्यक्रमसँग जोडेर पढाइयो। यसले विद्यार्थीहरूमा केवल ज्ञान मात्र होइन, जीवन उपयोगी सीप पनि विकास गरायो। बालवालिकाहरुको वर्षमा दुइ पटक आँखा कान र दाँत जाँच गरिन्छ र समस्या आएका बालवालिकाहरुलाई नजिकको स्वास्थ्य केन्द्रमा सिफारिस गरि अभिलेख समेत राख्ने व्यवस्था छ । नियमित जुकाको ट्यावलेट खुवाइन्छ । हाल उक्त विद्यालयमा हात धुने स्थान बालमैत्री छ शौचालय सफा र बालमैत्री रहेको छ साथै कक्षाकोठा सम्म पहुँचका लागि बालमैत्री कक्षाकोठा समेत व्यवस्थापन गरिएको छ ।

अभिभावकहरू विद्यालयसँग नजिकिए। खाजा तयारीमा स्थानीय उत्पादन प्रयोग हुन थाल्यो। विद्यालय अब केवल पढाइको स्थान मात्र रहेन, समुदायको साझा केन्द्र बन्यो। जसले गर्दा उक्त विद्यालय सत प्रतिशत विद्यालय भर्ना घोषणा र सेभ द सप्तरीको सहयोगमा हरित सफा र सुरक्षित विद्यालय घोषणा भएको छ साथै दुइ तारा समेत घोषणा भएको छ ।

**श्री राष्ट्रिय आधारभूत विद्यालय मझाउको पहिचान फेरियो हाल यस विद्यालयमा जम्मा नतिजा सुधारियो पहिलो उपस्थिति दर ४६ प्रतिशत थियो भने हाल ७६ प्रतिशत छ, कक्षा बीचमै छोड्ने दर २६ प्रतिशत थियो भने हाल ७**

SAVE THE SAPTARI
CENT
2050

प्रतिशत रहेको छ । साथै सिकाइमा प्रगति देखिनुको साथै विद्यार्थीको आत्मविश्वास बढ्यो र विद्यालयप्रति सबैको दृष्टिकोण सकारात्मक बन्यो। विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमले शिक्षा प्रणाली सुधारको ढोका खोलेका छन्।






SAVE THE SAPTARI